# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्या:- ३८४* *मिति :- २०६३/१२/११*

**इजाजतपत्रप्राप्त "क" वर्गका (बैंक) संस्थाहरू ।**

विषय :- **पूर्व स्वीकृति लिई मात्र खोल्नुपर्ने आयात प्रतीतपत्रहरू वारे ।**

महाशय,

प्रचलित व्यवस्था अन्तर्गत रही परिवर्त्य विदेशी मुद्रा तथा भारतीय रूपैयाँ भुक्तान हुने गरी आयात प्रतीतपत्र खोल्दा सम्बन्धित निकायको पूर्व स्वीकृति अनिवार्यरूपले लिनुपर्ने व्यवस्था गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **मदिरा निकासी पैठारी :**

मदिरा ऐन २०३१, अनुसार कुनै पनि फर्म तथा कम्पनीले मदिरा निकासी पैठारी गर्नु पर्दा नेपाल सरकार, आन्तरिक राजश्व विभागको पूर्व स्वीकृति लिनुपर्नेछ ।

२. **पोष्तादानामा परिमाणात्मक बन्देज :**

पोष्तादाना (Poppy seed) को आयातमा परिमाणात्मक बन्देज लागू रहेको हुँदा नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्वीकृति दिएको परिमाण बाहेकको आयात प्रतीतपत्र खोल्न पाइने छैन ।

३. **पुराना कपडा, धातु तथा प्लाष्टिकवाट वनेका सामान तथा यन्त्रोपकरण :**

उद्योगले पैठारी गर्ने बाहेक व्यापारिक फर्महरूले पैठारी गर्ने पुराना कपडा, धातु तथा प्लाष्टिकबाट बनेका सामान तथा यन्त्रोपकरणको हकमा त्यस्तो प्रतीतपत्र खोल्नु अघि नेपाल सरकार, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको पूर्व स्वीकृति अनिवार्य रूपले लिनुपर्नेछ ।

४. **ओजोन तहलाई नष्ट गर्ने पदार्थहरू :**

नेपालभित्र ओजोन तहलाई नष्ट गर्ने पदार्थहरूको पैठारी एवं उपभोगलाई नियन्त्रित गर्ने विषयको मिति २०५७ साल असोज ९ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचनाको खण्ड ३ मा सोही सूचनाको खण्ड १ को प्रकरण (क) र (ख) मा उल्लिखित ओजोन तहलाई नष्ट गर्ने पदार्थहरूको पैठारी गर्नको लागि प्रतीतपत्र खोल्नु अघि वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको पूर्व अनुमति लिएर मात्र खोल्न पाइनेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक

(इ.प्रा परिपत्र संख्या- ३८४ प्रयोजनका लागि)

उद्योगले पैठारी गर्ने वाहेक व्यापारिक फर्महरुले पैठारी गर्दा प्रतीतपत्र खोल्नु अघि नेपाल सरकार, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको पूर्व स्वीकृति अनिवार्य रुपले लिनुपर्ने वस्तुहरुः

१. धातुः Copper, Brass, Bronze, Aluminum र Zinc Sraps को हकमा सम्वन्धित सामान घातक पत्रु (Hazardous Scrap) भए नभएको वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयका अधिकृतहरुले निरीक्षण गरी घातक नभएको देखिएमा छोड्ने वातावरणीय दृष्टिकोणले अनुमति दिने। यो व्यवस्था २०५७ आषाढ मसान्तसम्म प्रतीतपत्र खोलि सकेका Scrap आयातकर्ताहरुकालागि मात्र लागू गर्ने । आयात गरिने Scrap हरु Institute of Scrap Recycling Industry's (ISRI) Scrap Specification अनुसार हुनुपर्नेछ । २०५७ श्रावणदेखि उक्त वमोजिमका Scrap हरु ल्याउनु पर्ने भएमा प्रतीतपत्र खोल्नु अघि नै उक्त मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

२. प्लाष्टिकबाट बनेका सामानः Plastic Scrap को सम्वन्धमा Scrap Plastic र Recycled granules को आयातमा २०५३ सालदेखि लगाइएको प्रतिवन्धलाइ यथावत राख्ने ।

३. कपडाः बाढी, पहिरो, आगजनी जस्ता दैवी विपत्तीको सन्दर्भमा सहयोग स्वरुप आयात हुने पुराना कपडालाई नेपाल अधिराज्यको कुनै स्वास्थ्य संस्थाका पञ्जिकृत चिकित्सकले रोगमुक्त भनि लिखित प्रमाणित गरी दिएमा त्यस्ता पुराना कपडालाई आयात गर्न दिने । अरु कुनैपनि प्रयोजनमा पुरानमा कपडा आयात गर्न नदिने ।

**(मिति २०५७।४।२७ मा तत्कालीन जनसंख्या तथा वातावरण मन्त्रालयबाट गोरखापत्रमा प्रकाशित सूचनाको आधारमा)**

४. यन्त्रोपकरणः व्यापारिक प्रयोजनको लागि कुनैपनि Second Hand सामानहरु आयात गर्न नपाउने । जस्तैः

| | | | |
|---|---|---|---|
| (क) टेलिभिजन | (ख) फ्याक्स | (ग) फ्रिज | (घ) रेफ्रिजेरेटर |
| (ङ) एयर कण्डिसनर | (च) फोन | (छ) कम्प्युटर | (ज) प्रिण्टर |
| (झ) फोटोकपी | (ञ) फ्यान | (ट) अफसेट मेसिन | (ठ) ओभन |
| (ड) वासिङ्ग मेशिन | (ढ) ड्रायर मेशिन | | |

साथै, वायु प्रदुषण वृद्धि गर्न सक्ने मोटरका Engine का Pump, cylinder piston, head जस्ता पुराना सामान समेत आयात गर्न नदिने ।

**(तत्कालीन जनसंख्या तथा वातावरण मन्त्रालयको मिति २०५७।६।१७ को पत्रानुसार)**